अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १० संख्या : २ मिति : २०८३।०४।२२

**भाग -२**

**अन्नपूर्ण गाउँपालिका**

## अन्नपूर्ण गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३

**प्रमाणिकरण मितिः २०८३/०४/१२**

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकको सुनिश्चितता गर्न वाञ्छनिय भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**अन्नपूर्ण गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिका बैठकले पारित गरेको मिति देखी लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले अन्नपूर्ण गाउँपालिका सम्झनु पर्दछ ।

(ख)**" गाउँ सभा"** भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ग) **"संविधान"** भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(घ) **"वडा"** भन्नाले अन्नपूर्ण गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ङ) **"स्वास्थ्य संस्था"** भन्नाले अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) **"अध्यक्ष"** भन्नाले अन्नपूर्ण गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **"उपाध्यक्ष"** भन्नाले अन्नपूर्ण गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) **"सामाजिक सुरक्षा कोष "** भन्नाले सङ्घीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिमको कोषलाई सम्झनु पर्दछ ।

(ञ) **"करारका कर्मचारी"** भन्नाले अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तानी गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ट) **"रोजगारदाता"** भन्नाले रोजगारी सिर्जना गर्ने कार्यालय अन्नपूर्ण गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) **"योगदानकर्ता"** भन्नाले अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) गाउँपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको जिम्मेवारी रहनेछ ।

(२) गाउँ कार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा सामाजिक सुरक्षा कोषमा व्यवस्थापन गर्न आवश्यक पर्ने बजेटका लागि रोजगारदाताको तर्फबाट बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट विनियोजन गर्नेछ ।

(३) अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिका कार्यालय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिका बैठकबाट पारित भए पश्चात स्वतः लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(४) अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना आधारभुत तलबको ६० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट गरि ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

**४. समिति गठनः**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी आबद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(च) कर्मचारी प्रशासन शाखा प्रमुख -सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकारः**

उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः

(क) गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचीकृत गर्न संख्याको यकिन गर्ने।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गराउने ।

(ग) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचीकरण गर्ने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्ने र समन्वयात्मक कार्य गर्ने ।

**६. निवेदन दिनुपर्नेः**

यस मापदण्ड बमोजिम कोषमा आवद्ध हुन गाउँपालिकाले अनुसूची १ बमोजिमको ढाचाँमा निवेदन माग गर्ने छ । कोषमा सहभागी हुन चाहने कर्मचारीले तोकिएको समयावधि भित्र निवेदन दिनु पर्ने छ । कोषमा आवद्ध हुने बिषय स्वेच्छिक हुनेछ ।

**७. अनुगमन तथा मूल्याङ्कनः**

कार्यविधिले तोकेबमोजिमको कामकाज सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

**८. थपघट, हेरफेर वा संशोधनः**

गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**९. वाधा अड्काउ फुकाउः**

यो कार्यविधि कार्यान्विनयनको सम्बन्धमा कुनै वाधा अड्काउ गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची -१

## (नियम ७ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

विषयः सामाजिक सुरक्षा कोषमा आवद्ध हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा म यस अन्नपूर्ण गाउँपालिकाको.............................................. शाखा/वडा/मा..............................देखि कार्यरत कर्मचारी श्री .......................................... सामाजिक सुरक्षा कोषमा आवद्ध हुन इच्छुक रहेकाले सहभागि गराइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

आवश्यक कागजात यसै निवेदन साथ संलग्न छन् ।

- नेपाली नागरिकताको प्रतिलिपी
- सुरू नियुक्तिपत्रको प्रतिलिपी
- करार सेवा थप गरिएको पत्र
- पासपोर्ट साइजको फोटो २ प्रति
- सेवा प्रमाणीत प्रतिलिपि

.........................

**निवेदक**

नामः

ठेगानाः

पदः

नियुक्ति मितिः

आज्ञाले,

कपिल पाण्डे

प्रमुख प्रशासकीय अधिकृत